# प्रदेश सभा
# गण्डकी प्रदेश
# सातौं अधिवेशन
# (दोस्रो बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मिति : २०७७/१२/२६ गते, दिनको १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको सातौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा दिनको १ बजेर १५ मिनेटमा प्रारम्भ भयो ।

**माननीय सभामुख**

माननीय सदस्यहरु आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहनु हुने माननीय सदस्यहरुको लागि १ मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय श्री कृष्ण बहादुर थापा, कास्की ।

**माननीय कृष्ण बहादुर थापा**

माननीय सभामुख महोदय, पोखरा वडा नं. २१ को हस्पिटल जाने बाटो बिचमा पहिरो गएको कारणले त्यहाँको बाटो अवरुद्ध हुँदाखेरि एकदम जोखिम अवस्थामा हुँदा तत्कालीन मन्त्रालय सभामुख मार्फत् तत्कालीन मन्त्रालयको म ध्यान आकर्षण गराउन चाहन्छु।

**माननीय सभामुख**

माननीय सदस्य श्री प्रकाशचन्द्र दवाडी, गोरखा ।

**माननीय प्रकाशचन्द्र दवाडी**

सभामुख महोदय, गोरखाको बारपाक, सुलीकोट वार्ड नं. २ र अजिरकोट, वार्ड नं.१ मा रहेको पक्की पुल हामीले राखियो छ। सभामुख महोदय त्यसको कुनै सर्भे पनि भाको छैन। त्यसको वास्ता गरेको छैन त्यसलाई तुरन्तै कार्यान्वयन गर्न अनुरोध गर्दछु। त्यस्तै नयाँसाघु वार्ड कार्यालय अमरसिंह पार्क भनेर पचास लाख रुपैया विनियोजित गरेको। त्यो तुरन्तै मन्त्रालयबाट या कहाँबाट त्यो अर्को ठाउँमा सारेको भन्ने खबर पाएको सभामुख महोदय त्यसको तुरन्तै छानविन होस् भन्न चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य राजीव पहारी, कास्की ।

**माननीय राजीव पहारी**

सभामुख महोदय, प्रदेश सरकारको भौतिक मन्त्रालय अन्तर्गतको सिंचाई कार्यालयले फेवा बाँध जुन लामो समयदेखि जीर्ण अवस्थामा रहेको थियो। त्यो बाँध मर्मत सम्भार गर्ने क्रममा अहिले तालको पानीको आकार घटाइएको अवस्था छ। यो बेलामा प्रभावकारी ढंगबाट तालको माटो निकाल्ने काम गरियो भने फेवातालको आकार पनि वृद्धि हुने अवस्था छ तसर्थ यसमा म प्रदेश सरकारको गम्भीरतापूर्वक ध्यान आकृष्ट गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने, नवलपरासी ।

**माननीय विष्णु प्रसाद लामिछाने**

माननीय सभामुख महोदय, नवलपुर जिल्लाको त्रिवेणी, त्रिवेणी गाउँपालिका अन्तर्गतका साना घरेलु उद्योगहरु विस्थापित हुन पुगेका छन्। विशेष गरेर कानूनको अभावमा घरेलु उद्योगहरु नवीकरण हुन सकेको छैन। त्यही प्रकारको सँगै जोडिएको लुम्बिनी प्रदेशका साना घरेलु उद्योगहरु नवीकरण भई सकेका छन् भने हाम्रो प्रदेशमा पर्ने साना—साना घरेलु उद्योगहरु विस्थापित भएर या त प्रदेश नं. ५ मा जानुपर्ने परिस्थिति या विस्थापितै हुनु पर्ने परिस्थिति छ। त्यसैले ती साना घरेलु उद्योगहरुलाई परेको समस्या तत्काल बुझेर ती उद्योगहरुको नवीकरणको व्यवस्था होस् म ध्यानाकर्षण गराउन चाहन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरु, अब बिशेष समय प्रारम्भ हुन्छ । निर्धारित समय भित्र माननीय सदस्यहरुले आ-आफ्नो स्थानबाट आफ्नो भनाई राख्न अनुरोध गर्दछु ।

सर्वप्रथम, माननीय सदस्य श्री राजिव पहारी । समय ७ मिनेट ।

**माननीय राजिव पहारी**

माननीय सभामुख महोदय, प्रारम्भका दिनहरुमा संघीयतालाई मुलुकले धान्न सक्दैन, यो सेतो हात्ति हो। यसलाई पाल्न सकिदैन भनेर भ्रमका विस्कुनहरु छर्नेहरु स्यालहुँइया मचाउनेहरु विगत ३ वर्षमा गण्डकी प्रदेश सरकारले समग्र प्रदेशको विकास निर्माण र यहाँका जनताको संमृद्धिको निम्ति खेलेको नेतृत्वदायी भूमिकाको कारणले र सन्तुलित र समन्यायिक विकासको निम्ति संघीयता आवश्यक मात्र होइन अनिवार्य रहेछ भन्ने कुरा जनताले अनुभूति गरेका छन्। नवलपुरदेखि मनाङ्गसम्म, गोरखादेखि मुस्ताङ्गसम्म ११ वटै जिल्लामा दशकौंदेखि राज्यको ध्यान पुग्न नसकेर दुख कष्ट बेहोर्नु परेका जनताहरुले चाहे खानेपानी, पुलपुलेसा, बाटोघाटो, बिजुलीबत्ति, झोलुङ्गे पुल, पदमार्ग, स्वास्थ्य चौकी मुख्यमैत्री नमूना कृषि कार्यक्रम लगायतका योजनाहरु बेलैमा सम्पन्न हुनाले जनताको समग्र जनजीवनमा आमूल परिवर्तन भएको छ र जनताको जनजीवन

उकासिएको छ। चाहे कोभिड-१९ नियन्त्रण रोकथाम गर्न होस् चाहे कोभिडबाट थला परेका पर्यटन लगायतका अन्य व्यवस्थाहरु उकास्न सरकारले खेलेको भूमिका किन नहोस्। साथै चाहे नीति, नियम, कानून बनाउने कुरामा सरकारले लिएको नेतृत्वदायी भूमिका किन नहोस्। आज गण्डकी प्रदेश सरकार सात वटै प्रदेश सरकारहरु मध्ये आफूलाई अव्वल साबित गर्नु भएको छ। यो त जस्ट स्टार्टिङ्ग मात्र हो यो इण्डिङ्ग होइन। अब अझै जनताले चाँहि अनुभूति गर्ने गरेर डेढ वर्षमा सरकारले चाँहि काम गर्नेछ। यो त विकास निर्माणको एउटा कास्टिङ्ग मात्र हो। रियल पिक्चर त आउन बाँकि नै छ। माननीय सभामुख महोदय, अहिले मैले अब यो तीन चार वटा कुराहरु विगतमा पनि प्रदेश सरकारको गम्भिरतापूर्वक ध्यान आकृष्ट यो सम्मानित सभा मार्फत् मैले गराएको थिएं र यो कामहरु सम्पन्न भयो भने अझ सुनमा सुगन्ध हुन्थ्यो। यो एक रत्नमन्दिर र हिमागृह सर्वसाधारणको निम्ति खुलाउन सके पोखरामा आधा दिन भए पनि पर्यटकहरुको बसाई लम्ब्याउन सकिन्थ्यो। यसको बारेमा के कसो भएको छ र के कारणले डेढ वर्ष भई सक्दा पनि यो खुल्न नसकेको हो? के कुरामा अडकेको छ? तेस्रो फेवातालको वरिपरि अतिक्रमण गरेर संरचना बनाउने कार्य दिन दुई गुना रात चौगुनाको दरले वृद्धि भई रहेको छ। त्यसको प्रभावकारी नियन्त्रणको लागि म सभामुख मार्फत सम्बन्धित निकायको चाँहि ध्यान आकृष्ट गराउन चाहन्छु। कोभिड-१९ बाट थला परेको पर्यटन लगायतका अन्य व्यवस्थाहरुलाई उकास्नको लागि हप्ताको अन्त्यमा पोखरा घुम्न आउने मानिसको संख्या बढ्ने भएको हुनाले शुक्रवार र शनिवार गरी हप्ताको दुई दिन विदाको लागि एक दिन शनिवार त विदा नै छ । शुक्रवार पनि विदाको लागि संघीय सरकार मार्फत पहल गर्न सकियो भने पोखरामा चाँहि पर्यटकहरु डोमेस्टिक पर्यटकहरुको चाँहि आउने आकर्षण बढने अवस्था हुन्छ। अर्को प्रदेश सरकारले खास गरेर भौतिक मन्त्रालयले यो बाढि पहिरो नियन्त्रण गर्नको निम्ति पूर्व तयारी जुन ढंगबाट गरेको छ सजगता अपनाएको छ यो खुशीको कुरा हो। अन्नपूर्ण वडा नं.१ नौडाँडामा गएको वर्ष आएको बाढि पहिरोको कारणले सिङ्गो बस्ति नै जोखिममा परेको थियो। भौतिक मन्त्रालयले इन्जिनियर पठाएर लागत इस्टिमेट गरिसकेको छ र वर्षात अगावै उक्त ठाउँमा बस्ति संरक्षणको लागि आवश्यक पहल गर्नको निम्ति पनि म ध्यानआकृष्ट गराउन चाहन्छु। लुम्ले- चन्द्रकोट- भिक्षुक- लान्द्रुक- घान्द्रुक जोडने

सडक केही समय अघि पहिरो  गएको कारणले बाटो अवरुद्ध रहेको छ र त्यहाँका जनताको जनजीवन कष्टकर हुन बाध्य भएको छ। मर्दि हिमाल लगायतका महत्वपूर्ण पर्यटकीय स्थलहरु जाने यो बाटोको पहिरो हटाई मर्मत गर्नको निम्ति म सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु। यस्तै अन्नपूर्ण वडा नं. ५-६ जोडने मुख्य पदमार्ग हो त्यहाँ चाँहि हाइजुङ्गमा झोलुङ्गेपुल जीर्ण भएकोले स्कुल पढ्ने विद्यार्थी र अन्य जनताहरु पुलबाट आवत जावत कठिनाई भई रहेको अवस्था छ। अहिले खोलाबाट हिडन बाध्य भएका छन्। यहाँ वर्षात्को समय अगावै उक्त पुलको मर्मत सम्भार गर्न वा नयाँ पुलको व्यवस्थापन गर्नको निम्ति म सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु। अन्नपूर्ण बेसक्याम्प जाने महत्वपूर्ण पदमार्गको रुपमा रहेको लिखुमा झोलुङ्गेपुल नभएका कारणले वर्षेनी पर्यटकहरुको ज्यान गुमाउनु परेको छ। पोहोर पनि सात जना कोरियनहरु पदयात्रा गर्ने क्रममा चिप्लिएर हिउँमा पुरिएर मर्नु परेको थियो। त्यो ठाउँमा तुरन्त पुलको व्यवस्थापन गर्नको निम्ति म सरकारको ध्यान आकृष्ट गराउन चाहन्छु। माननीय सभामुख महोदय, संघीयता मुलुकको निम्ति आवश्यक मात्र होइन अपरिहार्य रहेको छ भन्ने कुरा यो तीन वर्षमा प्रमाणित भइसकेको छ। अलिकति हामीले कामहरुको प्रचार गर्न सकेका छैनौं। सिङ्गो प्रदेश सभा नै एक ताल र एक सुर भएर हिडन सकेको छैन। एक आवाजमा बोल्न सकेका छैनौं। के सत्तापक्ष, के प्रतिपक्ष, के सरकार, प्रदेश सभा सबैले हामीले गरेका कामहरुमा एक आवाज, एक साथ भएर अगाडि बढन सक्यौं भने हामीले धेरै उपलब्धिहरु प्राप्त गर्न सक्छौं। एउटा स्यानो नजिर मात्रै यो छोटो अवधिमा भौतिक मन्त्रालयबाट मात्र हेर्ने हो भने वित्तिय प्रगति ४३ र भौतिक प्रगति ५८% भएको यो आवश्यक छ। यो महत्वपूर्ण छ तसर्थ हामी एक मना एकताका साथ सिङ्गो प्रदेश सभा हिडन सक्यो भने यो अबको बाँकि डेढ वर्ष हामीले संमृद्ध प्रदेश, सुखी जनता चाँहि बनाउन सक्छौं।

धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य **श्री मेखलाल श्रेष्ठ** । समय १२ मिनेट ।

**माननीय मेखलाल श्रेष्ठ**

माननीय सभामुख महोदय, यो सम्मानित सदनमा हिजो दलको नेताहरु बोल्ने सिलसिलामा मुख्यमन्त्रीज्यूले जुन सदनमा, रोष्ट्रममा उभिएर जुन नेपाली काँग्रेस माथि संगिन आरोप लगाउनु भएको छ, त्यो म व्यक्तिगत र नेपाली काँग्रेसको तर्फबाट घोर आपत्ति प्रकट गर्दै, भर्त्सना प्रकट गर्न चाहन्छु। सभामुख महोदय, नेपाली काँग्रेस यस्तो पार्टी हो, विभिन्न दलहरुमा नेताहरुले व्यक्तिगत रुपमा गल्ति गरे होलान्। अझै गल्ती पनि गर्दैछन् तर नेपाली काँग्रेस यस्तो पार्टी हो यो देशमा जहानियाँ राणा शासनको विरुद्धमा आफ्नो स्थापना कालदेखि नै नेपाली जनतालाई सुसूचित बनाउनको लागि नेपाली जनताहरुको अधिकारलाई रक्षा गर्नको लागि राणा शासनलाई लडाएर राणा शासनको विरुद्धमा लडेर नेपाली काँग्रेसले नेपाली जनताको प्रजातन्त्र प्रतिको आस्था, आफ्नो मानव अधिकार र आफ्नो व्यक्तिगत स्वतन्त्रतालाई स्थापित गराउन सफल भयो र त्यसैको जगमा आज हामी नेपालको गणतान्त्रिक संविधान हुँदै, लोकतान्त्रिक संविधान हुँदै गणतन्त्र र संघीयतामा प्रवेश गरेका छौं। आज त्यही नेपाली काँग्रेसले जुन राणा शासन विरुद्धको आन्दोलन गरेको थियो, त्यसैको जगमा टेकेर यहाँ आएको हो तर हाम्रो मुख्यमन्त्रीज्यूलाई नेपाली काँग्रेसको विषयमा त्यो कुरा बोल्ने कहाँबाट साहस आयो, मलाई अच्चम लागेको छ। सभामुख महोदय, उहाँले २०१७ सालको कुरा पनि गर्नु भयो। २०१५ सालमा नेपाली काँग्रेसले जनताबाट दुई तिहाई मत प्राप्त गरेर यो देशमा नेपाली जनतालाई अग्र भागमा राखेर, नेपाली जनताको हक र अधिकारलाई सुनिश्चित गर्दै नेपालमा पहिलो जननिर्वाचित प्रधानमन्त्रीको हैसियतले नेपालमा भएका साँस्कृतिक कुरितिहरु, नेपालमा भएका अन्याय वा अत्याचारहरुलाई चिर्न, राज्य रजौटाहरुलाई उन्मूलन, बिर्ता प्रथाको अन्त, जनतालाई राष्ट्रियकरण, दास प्रथाको उन्मूलन र क्रान्तिकारी भूमिसुधार जस्ता कार्यक्रमहरु अठ्ठार महिनाको दौरानमै लिएर नेपाली जनतालाई केहि गर्नको लागि उत्साहित भई रहेको थियो। नेपाली काँग्रेसको पार्टी भित्र कुनै विग्रह थिएन कुनै विसंगति थिएन तर नेपाली काँग्रेसको विशेष गरेर विश्वेश्वर प्रसादको पोपुल्यारिटी देखेर देशी विदेशी

शक्तिहरुलाई नेपालमा बोलाई अन्तरराष्ट्रवाद भन्नेहरु र केही कम्युष्टिका खोल ओडेका डा. केशरजंग रायमाझी जस्ता प्रवृत्तिहरुले राजाको कोठरीमा रहेर नेपाली काँग्रेसको प्रगतिलाई यो देशमा जनताको उत्थान गर्न चाहेको विकासलाई र नेपाली काँग्रेसले चाहेको दुखी गरिबहरु, जनजातिहरु, सबै वर्गहरुको उत्थानदेखि तर्सिएर राजको महत्वाकाँक्षालाई जगाई दिएर विदेशीहरुको इशारामा जसरी प्रजातन्त्रको अपहरण भयो, त्यही अपहरणलाई आज मुख्यमन्त्रीज्यूले नेपाली काँग्रेसको कमजोरी देखु भएको छ। के त्यो बेला नेपाली काँग्रेसको कमजोरीको कारणले प्रजातन्त्र गुमेको हो कि उहाँहरु जस्तै लगायत मान्छेहरुको एउटा साँठगाँठले प्रजातन्त्र गुमेको जगजाहेर छ। इतिहासले बोल्ने छ तरपनि नेपाली काँग्रेस थाकेन। प्रजातन्त्रको लागि जनताको अधिकारको लागि लड्दै गयो। जेल खायो, मेल खायो, प्रवास गयो तर राष्ट्रवादी हाम्रा विश्वेश्वर प्रसाद कोइराला धेरै कम्युनिष्टहरुलाई इण्डियाले सहारा दियो तर विश्वेश्वर प्रसादलाई के लाग्यो भने म इण्डियामा बसें भने मेरो देश, राष्ट्रियता, लोकतन्त्र र मेरो जनताले दुख पाउँछन्। म मर्नसँग डराउनु हुँदैन किनभने उहाँको धेरै टाउकोमा मुद्दा थिए। उहाँलाई फाँसी हुने सम्भावना थियो। साथीहरुले आग्रह गर्दा पनि म विश्वेश्वर प्रसाद कोइराला केही होइन। मेरो राष्ट्र हो र राष्ट्र जोगियो भने त्यो राजनीति गर्दै गरौंला भनेर मेलमिलापको नीति ल्याउनु के नेपाली काँग्रेस गलत थियो? त्यही सिलसिलामा नेपालमा प्रजातन्त्रको एउटा आश पलाएको थियो। विद्यार्थीहरुले आन्दोलन गरे। २०३६ सालको आन्दोलन भयो। बाध्य भएर पञ्चायती सरकारले जनमत संग्रहको घोषणा गर्‍यो त्यो जनमत संग्रहमा नेपाली काँग्रेसले जनताको पक्षमा, बहुदलको पक्षमा जसरी प्रसार गर्‍यो तर तत्कालीन माले साना प्रचण्ड त्यो बेलाका पुष्प, मनमोहन बाहेक अरु कम्युनिष्टहरुले निलोमा होइन पहेंलोमा साथ नदिएको भए २०३६ मा यो देशमा बहुदल आउँथ्यो नेपाली जनताले आफ्नो हक र अधिकार २०३६ सालदेखि प्रयोग गर्न पाउँथ्यो। दुर्भाग्य त्यो भएन तर नेपाली काँग्रेस थाक्दैन त्यो रातारात संघर्ष गर्दै गयो। २०४२ सालमा सत्याग्रह गर्‍यो यसमा पनि कसैले हामीलाई साथ दिएन । परिस्थिति फेरिंदै गयो। हाम्रा सर्वोच्च

कमाण्डर गणेशमान सिंहले काँग्रेस मात्रै होइन यी विभिन्न टुक्रामा फुटेका कम्युनिष्टहरुलाई पनि मिलाएर यो देशमा प्रजातन्त्र स्थापना गर्नुपर्दछ र गर्नुपर्छ भन्ने हेतुले सबै कम्युनिष्टहरुलाई साहाना प्रधानको नेतृत्वमा एक ठाउँमा ल्याएर २०४६ सालको आन्दोलन गर्नु नेपाली काँग्रेसको गलत थियो। के नेपाली काँग्रेसलाई यहि दोष थियो। यही लेखेको थियो त्यस पछि संसदीय चुनाव भयो। २०४८ सालमा नेपाली काँग्रेसले बहुमत प्राप्त गऱ्यो। नेपाली काँग्रेसले आफ्नो नीति घोषणापत्र अनुसार कार्य गर्दै थियो। हामीले भन्यौं नेपालमा ३० सालको पञ्चायतलाई ढलायौं। धेरै १०४ वर्षको राणाशासनलाई ढलाई सकेपछि नेपाली जनताले आफ्नो अधिकार सुरक्षित गर्नु पर्दछ। नेपालमा अब क्रान्ति भयो विकास गर्नु पर्दछ। प्राइभेटाइजेशन गर्नु पर्दछ । आर्थिक उदारीकरण गर्नु पर्दछ। सरकारले सबै काम गर्न सक्दैन। सरकारले काम गरेर हुने हो भने धेरै कम्युनिष्ट राष्ट्रहरु फेलियर हुन्थ्येनन्। जबकि त्यहाँ एउटा रेष्टुरेन्ट, एउटा उद्योग, एउटा कुनै पनि व्यवसायहरु सरकारले गर्छ तर हामीले त नीति बनाउने हो नीति दिने हो। काम प्राइभेटले गर्छ। यसलाई हामीले नीति बनाई सकेपछि धेरै प्राइभेट कम्पनीहरु विदेशबाट आउँछन् । नेपालमा पुँजी छैन। त्यसलाई हामीले सदुपयोग गरेर देशको विकास गर्नु पर्दछ। झण्डै जब सिलसिला शुरु भएको थियो तपाईंहरुलाई याद छ कि छैन कर्मचारीहरु उठाएर, रेलिङ्गहरु तोडेर नेपाल बन्द जस्ता धेरै घटनाहरु घटेर छ महिनासम्म काम गर्न दिएन सभामुख महोदय। हुँदा हुँदा विभिन्न शक्तिहरु लाएर, यो देशमा प्रगति गर्न सकेन। आदरणीय पनि गिरिजा प्रसाद कोइरालाले मध्यावधि गर्नु भयो त्यो काँग्रेसको गल्ति हुन सक्छ। त्यसलाई हामीले स्विकार्न सक्छौं। ठीक छ त्यसको गल्तिको फल नेपाली काँग्रेसले पायो। त्यहाँ मुख्यमन्त्रीज्यूले भन्नु भयो हो नेपाली काँग्रेसका नेताहरु कति भ्रष्ट थिए? तिनीहरुलाई कारवाही भयो। जेल छन्। हामीले त गर्वसाथ भन्छौं सभामुख महोदय, नेपाली काँग्रेस लोकतान्त्रिक पार्टी हो। लोकतन्त्र भित्र विखण्डन हुन सक्छन्। त्यस्ता तत्वहरु घुस्न सक्छन्। नेपाली काँग्रेस भित्र पनि भयो। नेपाली काँग्रेस भित्र भएका राष्ट्रघातिहरु, जनताघातीहरु, भ्रष्टाचारीहरुलाई

नेपाली काँग्रेसले निर्विरोध कार्यवाही गरेको छ। कुने नेतालाई छोडेन। किनभने लोकतन्त्र भित्र आफ्नो पार्टी भित्र रहेका कुरितीहरुलाई पन्छाउनको लागि लागि नेपाली काँग्रेस कहिले पनि झुकेन, झुकेको छैन र झुक्दैन पनि । तर यही पनि भनि दिनु पर्ने हो। मुख्यमन्त्रीले भन्नु भयो। कम्युनिष्टका कोही नेताहरु जेल गएका छन्? ए हजुर अलिकति लाज मान्नुस। म यहाँ भन्न चाहन्छु। दुई तिहाईको सरकार यो जनताले स्थिरताको लागि, विकासको लागि र यो देशको मुहार फेर्नको लागि जनताले दिएका थिए। हो हामीले संविधान बनायौं। संविधान कार्यान्वयन गर्नु थियो। विकास गर्नु थियो। जनताले पत्याए। हामीले प्रतिपक्षले बाँडेर अहिले सरकारलाई सहयोग गर्दै गयौं। के दुई तिहाईको सरकारलाई २०१५ सालको विश्वेश्वर प्रसाद कोइरालालाई त टाउकोमा त राजा झुण्डाइएको थियो, अन्य अन्य कुरा झुण्डाइएको थियो। अहिलेको दुई तिहाई सरकारलाई  न राजा थियो। राष्ट्रपति आफ्नो दायाँ दुई तिहाई आफ्नो बाँया, सबै कुराले सुइटेबल हुँदा पनि प्रमाणित भएको भ्रष्टाचारहरु जो ७० करोड भ्रष्टचार एउटा यही प्रमाणित भएको छ। त्यो प्रमाण हो कि होइन? त्यसलाई कारवाही गरेको खै। बालुवाटार काण्ड, त्यहाँ आफ्नै महासचिव विष्णु पौडेल मुचिएको हो कि हैन ? भ्रष्टाचार गर्ने, चोरी गर्ने, अनि मैले फिर्ता गरें भनेर भन्ने कहाँको नियममा छ? कहाँको कानूनमा छ कारवाही गर्ने मेरो सत्ता छ। मत ढल्छ। मत झर्यो भने सबै सिद्धिन्छ भनेर लाचारी संरक्षण गर्ने। के ठूलो कुरा गर्ने। भ्रष्टाचार मात्रै होइन। सुशासन मात्रै होइन। बलात्कारी जुन एउटा निरीह बच्चा कैलालीमा बलात्कार पछि हत्या भयो निर्मला। के उसको सरकारले पत्ता लगाउन सकेको होइन। कसैलाई थाहा छैन। बालुवाटार भित्र संरक्षण गरियो। अनि को जेल पर्छ? अनि को जेल पर्छ? आफूले कारवाही गर्न नसक्ने। मैले भ्रष्टाचार गर्दैन। मैले भ्रष्टाचारको मुख हेर्दैन तर ऐना हेर्दा अगाडी पनि भ्रष्टाचारी दायाँ पनि भ्रष्टाचारी बायाँ पनि भ्रष्टाचारी अनि नेपाली काँग्रेसले जसले आफ्नो दलभित्रका नेतालाई गल्ति गर्‍यो भनेर पार्टीबाट मात्रै होइन, उसलाई कानूनतः र संविधानतः कारवाही गरेर जेल पठाउन सक्यो के के पि ओलीको त्यो दुई तिहाईको सरकारले सक्यो? पहिला के

प्रमाणित भएको छैन। वाइड बडि प्रकरणको कुरा आएको छ, न्यारो बडि प्रकण्डको कुरा आयो। खै त दुई तिहाई सरकारले कारवाही गरेको? नेपाली काँग्रेसको माननीय, जो सार्वजनिक समिति सार्वजनिक लेखा समितिको सभापति पनि हुनु हुन्छ उहाँले उपसमिति गठन गर्नु भयो वाइड बडी प्रकरणमा। सबै माननीयहरुको सर्वसम्मतिले त्यो आफ्नो मान्छे फस्छ भनेर यहि अहिलेका प्रधानमन्त्री केपी ओलीजीले त्यो लेखा समितिको प्रतिवेदनलाई थाति राखेर देखावटी रुपमा एउटा आयोग गठन गर्नु भयो न्यायाधिशको। कहाँ पुग्यो त्यो आयोग? के त्यो जनतालाई ढाँटनको लागि आफ्नो भ्रष्टाचार लुकाउनको लागि र आफ्नो साथीभाईहरुलाई जो आफूलाई सहयोग गरेर मनपरितन्त्र चलाउनको लागि सहयोग गरी रहेका छन्। उनीहरुको संरक्षणको लागि हो कि होइन? यो कुरा म सभामुख महोदय मार्फत भन्न चाहन्छु। हामीले धेरै लोकतन्त्र देख्यौं। हामीले धेरै प्रजातन्त्र देख्यौं। हामीले गण्डकी प्रदेशमा सरकारलाई धेरै सहयोग गरेको हो। यो कुरा मलाई बोल्न मन थिएन। हामी मिलेर जानु पर्दथ्यो। हामी यो देश बनाउनको लागि आएको हो। हामीलाई जननिर्वाचित गराएको हो किन हो भने देश, जनताप्रति उत्तरदायी, जनताको समस्याहरुलाई, उहाँहरुले सम्बन्धित ठाँउमा पुऱ्याउनु होला भन्ने हिसाबले हामीलाई प्रतिनिधि बनाएको हो तर विकास, विकास, विकास। विकासको पनि एउटा तरिका हुन्छ। आँखामा छारो हान्ने पनि एउटा तरिका हुन्छ। नेपालमा पानी जहाज छैन।नेपालमा पानी  जहाजको अफिस खोल्ने। तीन महिना पछि टिकट किन्न आउनुस भन्ने। नेपालमा अहिलेसम्म भएको रेलको लिट मर्मत गर्नु छैन। रेल लिएर आएर त्रिपालले छाप्ने अनि रेलको टिकट काट्न आउ भन्ने। यस्ता विकास निर्माण हुन्छ। जसले डिपिआर गर्न सक्या छैन जसले बजेट छुट्याएको कार्यान्वयन नै गर्न सक्या छैन त्यसलाई १६५ वटा बाटोको शिलान्यास। जहाँ बाटोहरु चली रहेको छ। पूर्ण रुपमा चली रहेको छ। मैले यति वटा बाटोहरु पिच गरें, यति वटा बाटो पुलहरु उद्घाटन गरें मैले के जनतालाई झुट भनेको हैन? त्यसमा इतिहास बोल्छ कि बोल्दैन ? के जनता आँखामा चश्मा लगाएर बसेका  छन्। मुखमा पट्टी लगाएर बसेका छन्? उहाँले जस्तो

टुक्का हान्न हामीले जान्दैनौं होला तर नेपाली काँग्रेसले जे बोल्छ, त्यही गर्छ। जुन कुरा सक्दैन त्यो नेपाली काँग्रेसले बोल्दैन। भ्रष्टाचारी हो कि होइन यो सरकार अब केही छार्नु पर्दैन न सभामुख महोदय किनभने

**(माननीय सभामुख- माननीय सदस्य समय सकियो।)**

मैले केही समय पाउनु पर्छ किनभने मुख्यमन्त्री जसरी मलाई टाइम छैन। केही दिनु छ एक मिनेट टाइम पाउँ।

सभामुख महोदय, भ्रष्टाचार आफू हो कि होइन? सर्पले सर्पको खुट्टा देख्छ। अरु टाडा जानु पर्दैन। मिडियाको कुरा मात्रै सुन्नु पर्दैन। १९ पेजको लभलेटर सबै जनताले हेर्न आग्रह गर्दछु। के त्यो नेपाली काँग्रेसले भन्या हो कि उहाँको विरोधीहरुले भन्या हो? आफ्नो घाँटी सोझ्याउन नसक्ने आफ्नो घर जोगाउन नसकिने अनि त्यसलाई अर्कालाई दोष लगाउन पाईंदैन। देश बनाउन सबै मिल्नु पर्छ। सबै मिल्ने सहनशिलता चाहिन्छ सभामुख महोदय, यति भन्दै विदा हुन्छु। धन्यवाद। जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्य श्री आशा कोइराला। समय १२ मिनेट ।

**माननीय आशा कोइराला**

माननीय सभामुख महोदय, सर्वप्रथम त म गण्डकी प्रदेश सभाको सातौं अधिवेशनको पूर्ण सफलताको कामना गर्न चाहन्छु। सभामुख महोदय, राष्ट्रिय राजनीतिमा राजनीति अत्यन्त अस्थिर बनिरहेको छ सरकारले कति बेला के निर्णय गर्छ भन्ने कुराको आँकलन वरिष्ट वरिष्ट राजनीतिज्ञहरुले समेत गर्न नसकि रहेको अवस्था अहिले हामीले देखिरहेका छौं। श्रृंखला विहीन, आकस्मिक अझै अप्रत्याशित ढंगले हुने गरेका निर्णयहरुबाट देशको

संविधान नियम कानूनहरुको अपहरण भई रहेको छ। निरंकुश र स्वेच्छाचारी ढंगले राज्य संचालन हुँदा देश र जनताले गरेको शान्ति र स्थिरता साथै संमृद्धिको चाहनामा तुषारापात भई रहेको छ। संघीय सरकारले गरेका विकासका प्रचारमुखी कार्यहरुले जनतामा थोरै आशा देखाए तापनि परिणाममुखि हुन सकेका छैनन्। सुदुर विगतका योजना र सुदुर भविष्यका लक्ष्यहरु देखाएर वर्तमानलाई जिस्काई रहेको अनुभूति हुन्छ। केन्द्र, प्रदेश र स्थानीय तहहरुले हरेक क्षेत्रलाई व्यवस्थित गर्दै जानु पर्ने बेलामा, संघीय व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाकै अस्तित्व धरापमा पर्ने त होइन? हामी सोच्न बाध्य भएको अवस्था छ। यस्तो सशंकित अवस्थामा नियमित कार्यहरुले गति लिन नसक्ने कुरा हामीले सहज अनुमान गर्न सक्छौं। सभामुख महोदय, यो अवस्थाको सिर्जनामा, बेला बखत व्यक्त भएका हाम्रा वर्तमान सम्माननीय प्रधानमन्त्रीको अभिव्यक्ति र क्रियाकलापहरु सबभन्दा बढि जिम्मेवार छन्। संवैधानिक परिषद् लगायतका महत्वपूर्ण अङ्गहरुमा भएका हस्तक्षेपले समेत यो कुराको पुष्टि गरेको छ। सभामुख महोदय, संघीय लोकतान्त्रिक गणतन्त्र, नेपाल र नेपाली जनताको अनवरत संघर्षको परिणाम हो । नेपाली जनताको आशुँ, पसिना र रगतको योगफल, निम्नवर्गीय उत्पिडीत जनताको आशा, विश्वास र त्यागको योगफल नेपालको सर्वाङ्गिण समावेशी विकासको मार्गचित्र, संघीय गणतन्त्र प्रतिको उदासिनता आजको राज्यको प्रमुख समस्या हो। अस्थिरताको कारण हो। संविधान सभाद्वारा निर्मित संविधानमा संस्थागत भएका जनताका अधिकारहरु, जीवन व्यवहारमा प्रतिबिम्बित हुने गरी कार्य गर्नु पर्ने बेलामा निरन्तर यसैमाथि प्रहार हुनु अत्यन्त दुखद कुरा हो यसर्थ यो विषय सह्यै हुन सक्दैन। राजनीतिक उपलब्धिहरुलाई कानूनी ढंगबाट आफू अनुकूल बनाउने प्रयत्न समेत हामीले देख्यौं। यो संवेदनशील परिस्थितिमा जनताद्वारा स्थापित मूल्य मान्यताको रक्षार्थ पुनः जनता सडकमा आन्दोलित हुनु पर्ने अवस्था सिर्जना भयो। त्यो अत्यन्त गम्भिर अवस्था हो र त्यो अवस्था पनि हामीले पार गरिसकेका छौं। संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनाको निमित्त सबैभन्दा बढि मूल्य चुकाएको नाताले हामीलाई यो व्यवस्था प्रति गर्व छ र यसको रक्षा र विकासलाई आफ्नो कर्तव्य हामीले ठानेका छौं। यसर्थ हामी सोही अनुसार नै यो व्यवस्थाको रक्षार्थ जुटि रहने यहाँहरु सबै समक्ष स्पष्ट पार्न चाहन्छु। गण्डकी प्रदेश सरकार केही विशिष्ट योजनाहरु नीतिगत निर्णयहरु गरेर समानुपातिक

विकासको अवधारणा बमोजिम कोभिड-१९ को उपचार, रोकथाम लगायतका नियमित क्रियाकलापहरुमा सफलता हासिल गर्दै निर्वाध रुपमा आफ्नो गतिमा अगाडि बढेकै थियो। अगाडी बढ्दा बढदै पनि संघ सरकारले गरेका यस्ता क्रियाकलापहरु प्रदेश सरकारले निशर्त स्विकार गर्न पुग्यो। संवैधानिक परिषद्देखि राज्यका महत्वपूर्ण अङ्गहरुमा भएका हस्तक्षेपहरुमा समेत प्रदेश सरकारले विरोध गरेको पाइएन। यसर्थ सरकारमा बसिरहनुको औचित्य पुष्टि गर्न सक्ने आधार नरहेकोले हामीले सरकारबाट फिर्ता हुने समेत निर्णय गरिसक्यौं र त्यो अवस्था हामीले भोगिरहेका छौं। माननीय सभामुख महोदय, प्रदेश  सरकारको तर्फबाट हामीले अन्य विषयहरु पनि भोगिरहेका छौं कि प्रदेश सरकारको तर्फबाट भएका राजनीतिक नियुक्तिहरु विभिन्न ढंगले हामीले निर्माण गरेका कानूनहरुको आधारमा जतिपनि राजनीतिक नियुक्तिहरु भएका छन्। सबै एकपक्षीय ढंगले नियुक्ति भएका छन्। हामीले पटक पटक हाम्रो दलका नेता, प्रदेश सरकारकै महत्वपूर्णको मन्त्रालयको नेतृत्व गरिरहेका नेताहरुलाई पटक पटक हामीले झकझकायौं। उहाँहरुबाट पनि हामीले सुन्यौं। हामी पनि यो नियुक्तिबाट अनभिज्ञ छौं। त्यसकारण एकअर्काको अस्तित्व स्विकार नगरिकन, एकअर्काको जुन सहअस्तित्वको भावनालाई पूर्ण रुपले पालना नगरिकन, यो खालका क्रियाकलापहरु हामीले प्रदेशको सरकारको देख्यौं र हाम्रा मन्त्रीज्यूहरु अथवा प्रदेश सरकारकै महत्वपूर्ण मन्त्रालयमा भएका मन्त्रीज्यूहरुले समेत ती नियुक्तिहरु प्रति अनभिज्ञता प्रकट गर्नु भयो। त्यसकारण हामी के भन्न चाहन्छौं भने कतिपय विकास निर्माण र सरकारका आफ्नै गतिविधिहरु छन् । यी सबै गतिविधिहरुमा एकअर्काको अस्तित्व स्विकार गर्ने। सहकार्यको आधारमा अगाडि नबढने हो भने हामीले गण्डकी प्रदेश सरकारलाई गरेको सहयोग गण्डकी प्रदेश सरकारबाट हामीले जनताको अपेक्षा पूरा गर्नको निमित्त जनताको आशा पूरा गर्नको निमित्त गरेका जतिपनि महत्वपूर्ण क्रियाकलापहरु छन्। ती क्रियाकलापहरु उपयोगी हुन सक्दैनन्। अर्थपूर्ण हुनसक्दैनन्। त्यसकारण म सभामुख महोदय मार्फत गण्डकी प्रदेश सरकारलाई आग्रह गर्न चाहन्छु कि एउटा राष्ट्रिय राजनीतिमा आएको कुनै पनि परिवर्तनले हाम्रो प्रदेश सरकार पनि प्रभावित हुने गर्छ। त्यसकारण मुख्यमन्त्रीज्यूले हिजो एउटा आफ्नो भनाई राख्ने क्रममा पनि केही कुराहरु राख्नु भएको थियो। मलाई त्यो कुराको याद आई रहेको छ। हामी एउटै घोषणापत्रबाट निर्वाचन लडयौं। एउटै

घोषणापत्रबाट निर्वाचन लडेका हामीहरु मिलेर जानु पर्छ, जनताको आशा अपेक्षाहरु मिलेर पूरा गर्नु पर्छ त्यो असाध्य सान्दर्भिक भावना छ तर सरकारबाट बाहिर रहे पनि हामी आफ्नो तर्फबाट सरकारले चाहेको खण्डमा हामीले रचनात्मक सुझाव, सल्लाह र सहयोग गर्न सकिन्छ तर सरकारमा सँगै हुँदापनि जुन हामीले अपेक्षित परिणाम पाउन नसकेको यथार्थ हामीले प्रस्तुत गऱ्यौं त्यतातर्फ सरकारको ध्यान आकर्षण होस्। त्यस्तै गरेर निर्वाचन नै स्थिरताको एकमात्र विकल्प हो भनेर जुन कुराहरु हाम्रो मन्त्रीज्यूहरुले अथवा हाम्रा चाँहि जिम्मेवार व्यक्तित्वहरुले राखिराखु भएको छ। हामीलाई के लाग्छ भने लोकतन्त्रमा निर्वाचन नै महत्वपूर्ण कुरा हो । निर्वाचन मार्फत नै हामीले सबै कुरा राज्य संचालकहरुको चयन गर्न सक्छौं। त्यो हामीले राम्रोसँग बुझेको कुरा हो तर निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो भन्दैमा जहिले मन लाए हुनाले बिना कारण हामीले एउटा व्यक्तिको स्वेच्छाको आधारमा, व्यक्तिको स्वेच्छाचारी निर्णयको आधारमा सधैं निर्वाचन गरिरहने हो भने त्यो निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष नभएर राष्ट्र र जनतालाई पटक पटक दुख दिने, राष्ट्र र जनतालाई अभिमतको नाममा पटक पटक निर्वाचनमा उभ्याउनु त्यो चाँहि राज्यले गरेको एउटा अराजकता तथा स्वेच्छाचारिता हुन सक्छ। त्यसकारण ती सबै विषयहरुमा गहिरो विश्लेषण गर्दै आगामी दिनमा गण्डकी प्रदेश सरकार विकास निर्माण र अन्य गतिविधिहरुमा सबैको अस्तित्व स्विकार गरेर अगाडि बढोस्। यही कुरा राख्दै म प्रदेश सरकारको, सभामुख मार्फत प्रदेश सरकारको ध्यान आकर्षण गराउँदै विदा हुन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य श्री धनमाया पोखरेल लामा । समय ५ मिनेट ।

**माननीय धनमाया पोखरेल लामा**

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको बजेट कार्यान्वयनको पक्ष हेर्ने हो भने विगतको पक्ष जस्तै अत्यन्तै कमजोर रहेको महसुस आम जनताले गरिरहेको अवस्था छ। गण्डकी प्रदेश सरकारको तथ्याङ्कलाई हेर्ने हो भने हालसम्म बजेट विनियोजन भएको नौ महिना बितिसक्दा समेत जम्मा २७% मात्रै कार्यप्रगति देखाउँछ र गण्डकी प्रदेश सरकारको बजेट कार्यान्वयनको लक्ष्य ९०.६% लक्ष्य छ। मेरो गण्डकी प्रदेश

सरकारलाई के प्रश्न छ भने नौ महिनामा गर्न नसकेको कार्यक्रम जुन कार्यप्रगति हामीले तीन महिनामा ६२% खर्च गर्न सक्छौं भनेर त्यहाँ मुख्यमन्त्रीले  रोष्ट्रमबाट हिजो घोषणा गर्दा मेरो प्रश्न के छ भने गण्डकी प्रदेश सरकारसँग नौ महिनामा गर्न नसक्ने प्रगति तीन महिनामा गर्ने जुन जादुको छडी चाँहि के छ? यो चाँहि आम जनतालाई जवाफ दिन म हार्दिक अनुरोध गर्दछु। त्यस्तै गण्डकी प्रदेशको भौतिक पूर्वाधार तथा विकास मन्त्रालयबाट विनियोजन भएको बजेटहरु जस्तै खानेपानी, सिंचाई, झोलुङ्गेपुल लगायतका बहुवर्षीय आयोजनाहरु कतिपय डिपिआर पनि हुन नसकिरहेको अवस्था छ। यो जतिपनि कार्यक्रमहरु थालनी भएकोछ, त्यसमा पनि ठेकेदारको आफ्नै अनुकूलतामा चलाई राखेको अवस्था र कतिपय आयोजनाहरु चाँहि बिचमै छोडने अवस्था र गण्डकी प्रदेश सरकारले ती ठेकेदारहरुलाई कारवाहीको दायरामा ल्याउन नसक्दा जुन आयोजनाहरु जुन प्रदेश सरकारले एक घर एक खानेपानी जुन चर्चित कार्यक्रम ल्यायो त्यो जनताको आधारभूत आवश्यकताको परिपूर्ति गर्न एकदमै महत्वपूर्ण छ र यसलाई हामीले एकदमै राम्रो छ भनेर समर्थन पनि गर्‍यौं र यस प्रकार कार्यक्रमहरु जुन बिचबाट लथालिङ्ग हुने अवस्था भई रहँदा गण्डकी प्रदेश सरकारको त्यहाँ ध्यान जाओस् र आगामी दिनहरुमा त्यहाँ दिने ठेकेदारहरु जुन अलपत्र गरेर बिचमै छोडेर हिडेका छन् त्यस्ता ठेकेदारहरुलाई एउटा राजनीतिक पार्टीको आडमा समर्थन दिएको छ। यसलाई तुरन्त कारवाही गर्नको निमित्त म प्रदेश सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु। माननीय सभामुख महोदय, आर्थिक वर्ष २०७७/०७८ को वार्षिक विकास कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयमा रहेको एकमुष्ट रकमबाट कार्यान्वयन हुने गरिराखेको कार्यक्रमहरु जस्तै सडक, पुल, झोलुङ्गे पुल, खानेपानी, सिंचाई गरी प्रदेशभरमा ११४ वटा कार्यक्रमहरु चाँहि जुन भौतिक पूर्वाधार मन्त्रालयको वार्षिक कार्यक्रमको १२८ पेज भन्दा पछाडि यो कार्यक्रमहरु रहेको छ।यो गोरखा जिल्लाको हकमा हेर्न पर्छ कि अहिलेसम्म गोरखा जिल्लामा कति वटा कार्यक्रमहरु रहेको छ? यो सडक, पुल,  खानेपानी लगायतको कार्यक्रमहरुमा चाँहि २४ वटा कार्यक्रम रहेको र अहिलेसम्म नौ महिना बितिसक्दा हाम्रो कतिवटा कार्यक्रमहरु डिपिआर भयो भने दुई वटा। यो किन ढिला सुस्ति भई रहेको छ? हाम्रो मन्त्रालयहरुबाट हुने कार्यक्रमहरु यसरी जनताको आँखा र हाम्रो हामी सबै सांसदको आँखामा छारो हाल्नको निमित्त झुट कार्यक्रम किन ल्याउन पर्‍यो भन्ने

मेरो प्रश्न छ? हैन भने अब कुनै निर्वाचन क्षेत्रमा चाँहि यो कार्यक्रमहरु डिपिआरको लागि अगाडी बढने कुनै निर्वाचन क्षेत्रमा एउटा पनि कार्यक्रम नहुने। मैले आज मात्रै अस्ति गोरखा जिल्लामा जाँदा पनि मैले त्यहाँ भौतिक पूर्वाधार कार्यालयमा सम्पर्क गरेर आज पनि फोन गर्दापनि हाम्रो चार वटा निर्वाचन क्षेत्र छ प्रदेशको गोरखामा जम्मा दुई वटा कार्यक्रम मात्रै डिपिआरमा गएको छ। यो पनि डिपिआर हुन्छ कि हुँदैन ? हुँदैन भने मन्त्रालय यो झुट किन बोल्यो ? यसको तुरन्त जवाफ मैले मन्त्रीज्यूसँग माग्न चाहें र माननीय सभामुख महोदय, क्लाइमेट चेन्जका कारण देशभरका जनजीवन चाँहि एकदमै प्रभावित भएको छ र हाम्रो यो जलवायु परिवर्तनको कारण यो वायु प्रदुषणको कारण हवाई उठानहरु ठप्प भएको छ। त्यसैगरि पर्यटकहरुलाई आवत जावत विद्यालयहरु चाँहि हामीले हाम्रो सरकारले एक हप्तासम्म बन्द गरेर त्यसको लक्ष्य थियो र हामीले प्रि-प्लान नगरेकन विद्यालय किन बन्द गऱ्यौं र ? हाम्रो गण्डकी प्रदेश सरकार यो वायु प्रदुषण न्यूनीकरण गर्नको लागि अहिलेसम्म के नीति छ र ? छैन भनेपनि अब आगामी दिनमा पनि गण्डकी प्रदेश सरकारले सोच्नु पर्ने आवश्यकता चाँहि मैले यहाँनिर ध्यान आकर्षण गराउन चाहन्छु। जस्तै वायु प्रदुषण यो हाम्रो अहिले प्रकृतिको बढि दोहनको कारणले वायु प्रदुषण भएर यो क्लाइमेट चेन्जका कारणले थुप्रै कारणले समस्याहरु आई रहेको अवस्था छ। अहिले हाम्रो समसामयिक समस्या भनेको यो वायु प्रदुषणको कारणले स्वास प्रश्वासको समस्या दीर्घ रोगीहरुलाई उत्तिकै समस्या, बालबालिकाहरुलाई उत्तिकै समस्या भईरहेको अवस्था छ। यसको रोकथामको लागि वैकल्पिक मार्ग के हुन सक्छ त यो प्लास्टिकजन्य पदार्थको उपयोग मात्रै यसलाई हामीले गण्डकी प्रदेशबाट विस्थापित गरौं। यसको सट्टामा केही विकल्प खोजौं । यो पनि हुन सक्छ। यसमा गण्डकी प्रदेश सरकारले कुनै योजना सोच नबनाएको र यतातिर पनि म गण्डकी प्रदेश सरकारको ध्यान आकर्षण गराउन चाहन्छु र जथाभावी वन जंगलमा ढडेलो लागिरहेको अवस्थालाई पनि अहिलेको वायु प्रदुषणलाई बढाई दियो भन्ने ठम्याई छ। एक हप्ता अगाडीको तथ्याङ्क हेर्ने हो भने नेपालको ४० वटा जिल्ला मात्रै आगोलागी भएको कारणले गर्दा अझ यो वायु प्रदुषण बढि भयो जनाएको छ। यसमा गण्डकी प्रदेश सरकारले चाँहि ध्यान दिनु पर्छ र यो वायु प्रदुषण न्यूनीकरण गर्नको निमित्त गण्डकी प्रदेश लगायत आम देशको नागरिकको जिउ धनको सुरक्षा गर्नको निमित्त गण्डकी प्रदेश सरकारले

आन्तरिक फितलोमा होइन हिजो बजेट कार्यान्वयन गर्दा पनि संघीयतालाई दोष लाउने, कर्मचारी छैन भन्यौं। आज त पार्टी पनि छुट्टा छुट्टै भई सकेको छ। आफ्नो-आफ्नै तरिकाले चले भईगो हैन।आन्तरिक किचलोमा नलागिकन देश र प्रदेशको विकासकोलागि गण्डकी प्रदेश सरकार अझ सजग होस् भन्ने म शुभकामना दिन चाहन्छु र मैले यहाँ भनेको प्रश्नको आगामी दिनमा मन्त्रीज्यूको जवाफ सँगसँगै यो सदन अगाडी बढोस् । यो शुभकामना दिंदै म विदा हुन्छु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्य **श्री मणिभद्र शर्मा।** समय ३ मिनेट ।

**माननीय मणिभद्र शर्मा**

माननीय सभामुख महोदय, २०७७ साल चैत्र १५ गते बाग्लुङ्ग जिल्ला, बडिगाड गाउँपालिका वडा नम्बर १०, दर्लिङ्गको बुल्देडाँडामा होलीका पर्वका दिन नेपाली काँग्रेस बाग्लुङ्ग जिल्ला समितिका सदस्य ३६ वर्षीय प्रकाश कुँवरलाई र स्थानीय नेता दिपक परियारलाई निर्ममतापूर्वक हत्या गरी ५०० मिटर अग्लो भिरबाट लडाईदिएको र दिपक कुँवरलाई जिउँदै भिरबाट ढकेलिदिएर भिरका झाडीहरुमा अल्झिएर बाँच्न सफल भएको घटना आज १२ दिन भई सकेको छ। उक्त घटनामा देहावसान भएका प्रकाश कुँवर र दिपक परियार प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र शोक सन्तप्त परिवार उहाँका धर्मपत्नी समेतका सबै आफन्तजनहरु प्रति हार्दिक संवेदना प्रकट गर्दछु। उक्त घटनामा संलग्न अपराधीहरुलाई केही मात्रैलाई प्रहरी दायरामा ल्याईएको र अझै केही कारवाहीको अवस्था छ। ती सबै अपराधीहरुलाई कारवाहीको दायरामा ल्याई स्पष्ट छानबीन गर्ने माग गर्दछु। घाइते पक्षलाई स्वास्थ्य लाभको कामना गर्दछु। दार्चुला जिल्लामा पैंतिस हेक्टर जमिन स्वास्थ्य समिति सहित नदिले धार परिवर्तन गरेर इण्डिया तर्फ गएको बारेमा इण्डियाले ठूलो बाँध राखेर ती जमिन इण्डियातिरै स्थायी पार्ने क्रम तीव्र गतिमा भई रहेको छ। त्यहाँका जनताहरुले, त्यहाँका स्थानीय कर्मचारीहरुले, सिडियो कार्यालयले समेत केन्द्रिय सरकारमा संघीय सरकारमा जानकारी गराउँदा पनि सरकारले थाहा नपाए जस्तो गरेर बसिरहेको छ। यो कस्तो राष्ट्रवादिता हो? कस्तो सक्षम सरकार हो? यो आम जनताले राम्रोसँग जान्न खोजिरहेका छन्। यस्तै प्रधानमन्त्रीज्यूको एउटा असाध्य

कौशलताको प्रशंसा गर्न लायक कौशलताको एउटा घटना मैले यहाँ उद्धरण गर्न चाहें। ठूलो कारवाही गर्न प्रचण्डका लागि अनि सजिलो र शितलो कारवाही गरेर आफ्नो गुटको एउटा प्रभावशाली मान्छेलाई उहाँले बचाउनु भयो। त्यो कौशलता प्रशंसा गर्न लायककै छ। कस्तो घटना भयो भने मन्त्री हुँदाखेरि ७० करोडको भ्रष्टाचारको कुरा सार्वजनिक हुन्छ। मन्त्रीका त्यो निकालिन्छ त्यो सजिलो फितलो कारवाहीले तर उहाँलाई भ्रष्टाचारको कारवाही गर्न दिइदैन। शक्तिको आडमा सत्ताको आडमा यस्तो घटना गर्ने सिपालु प्रधानमन्त्रीलाई प्रशंसा गर्नै पर्छ र त्यस्तै साँपको खुट्टा सापँले नै देख्या हुन्छ भन्ने एउटा प्रसिद्ध उखान छ, अलि दुई चार दिन अगाडी नेकपा एमालेका नेता भिम रावलले प्रधानमन्त्रीले ३० करोड भ्रष्टाचार गर्नु भाको छ भनेर खुल्लमखुल्ला इन्टरभ्यू दिनु भयो। अब त्यो होइन भने त्यो आरोपकर्ता कारवाहीको क्यारे आरोप लगाउनेलाई कारवाही गर्नु पर्‍यो हो भने मलाई पनि जेल हाल भनेर उजुर गर्नेहरुलाई अथवा त्यो उलाई प्रशासनका मानिसहरुलाई अख्तियारका मानिसहरुलाई हप्काउने तर्साउने काम नगरिदिए हुन्थ्यो भन्ने आग्रह गर्दै आफ्नो भनाई अन्त्य गर्दछु।

धन्यवाद। जय नेपाल।

**माननीय सभामुख**

माननीय सदस्यहरु, बिशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले प्रदेश संचितकोष र अन्य सरकारीकोषको संचालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखा परीक्षण तथा अन्य आर्थिक गतिविधिलाई व्यवस्थित गरी प्रदेश वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक, तथा उत्तरदायी बनाउन समस्टिगत स्थायित्व कायम गर्न र प्रदेशको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न सम्बन्धमा वाञ्छनीय भएकोले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधानको धारा १९८ को उपधारा (१) तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म, मिति २०७७ असार २३ गतेको प्रदेश सभाको बैठकबाट गठन भएको गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ संशोधन मस्यौदा समितिको कार्य अवधि समाप्त भएको हुँदा सो समितिको कार्य अवधि मिति २०५८ साल, २०७८ साल जेठ १० गतेसम्म थप गर्नको लागि समितिबाट निर्णय सहित अनुरोध भै आएको हुँदा कार्य अवधि थपका लागि सभा समक्ष प्रस्ताव प्रस्तुत गर्दछु।

माननीय सदस्यहरु, प्रस्तुत प्रस्तावलाई समर्थन जनाईदिनुहुन अनुरोध गर्दछु ।

टेबुल ठोकिएर समर्थन जनाइएको ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक २०७७ साल चैत्र २७ गते दिनको ११:०० बजे सम्मको लागि स्थगित हुन्छ ।